A Peer Reviewed Journal

ISSN: 2278-280X

# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

Vol. III No. II November 2021

Designed and published by

Himalayan Scientific Society for Fundamental and Applied Research
Kalimpong

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

A Peer Reviewed Journal ISSN: 2278-280X

# हिमालयन रिसर्च जर्नल
# HIMALAYAN RESEARCH JOURNAL

Vol. III No. II November 2021

Designed and published by

Himalayan Scientific Society for Fundamental and Applied Research

Kalimpong



Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

ISSN: 2278-280X

# हिमालयन रिसर्च जर्नल
# HIMALAYAN RESEARCH JOURNAL

Vo. III No. II November 2021

Contents/विषय सूची

पृष्ठ/page


**शोध-पत्र**

- दलित चेतनाका दृष्टिले 'सावन-भादौ' उपन्यास
  योगेश पन्त 5
- जनजातीय मूल्य र सन्दर्भ : समकालीन भारतीय नेपाली कवितामा
  डा. वासुदेव पुलामी 16
- नारीवादी समालोचनामा मध्यान्तर उपन्यासः एक अध्ययन
  मेहेरमान सुब्बा 24
- राजनैतिक दृष्टिकोणले भानुभक्तीय 'रामायण' : एउटा सामान्य अध्ययन
  अजय लामा ३४
- सीताभारत बालनको संरचनागत अध्ययन
  नवीन पौड्याल 40

**Research Article**

- The Four Puru?arthas (Objectives of Human Life): A Critical Reflection
  Gauranga Das 47
- Effect of the pandemic on mental health
  Richa Ali 60
- Food derived antioxidants and Human health in Covid 19 – A Review
  Saran Kumar Gupta 67
- Potential of Smart Phone Based Applications in Satisfying Information Needs of Floriculturists
  Rekh Mani Sharma 78
- Bollywood industry – A vehement tool for embedded marketing and brand endorsement in India 84
  Pauline Ahoy
- Transformation in Livelihood: A study on the Lepcha People of Darjeeling Hills
  Nisha Bagdas 91
- Treaties struck between the head and heart': Redefining intelligence in danielgoleman's emotional intelligence-why it can matter more than IQ 104
  Nazia Bano
- The 'TIJ' festival: a study in the context of modernity 115
  Kamal Khanal
- Diversity and Distribution of Lithocarpus Bl. (Fagaceae) in Darjeeling Himalayan region of West Bengal 126
  Rajendra Yonzone




Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# जनजातीय मूल्य र सन्दर्भ : समकालीन भारतीय नेपाली कवितामा

वासुदेव पुलामी
सह प्राध्यापक, कालिपद घोष तराई महाविद्यालय, बागडोगरा

**लेख विवरण**
प्राप्त ५ जनवरी २०२१ संशोधित प्राप्त २२ जनवरी २०२१ स्वीकृत ३१ जनवरी २०२१

*सार*

*भारतीय समाज प्रजातीय, भाषीय, आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक तथा विकासका विभिन्न आधारमा बाँडिएको देखिन्छ। विविध धर्म, जाति, भाषा आदिका बहुरङ्गी चित्र भारतीय समाजको विशेषता हो। यिनै बहुरङ्गी संस्कृतिभित्र जनजाति र तिनका लोपोन्मुख संस्कृति पनि पर्दछन्। एकाइसौँ शताब्दीमा भूमण्डलीकरण, बजारवाद, औद्योगिक पुञ्जीवादको विस्तारवादी नीतिले जनजातीय मूल्य र मान्यताहरूलाई तहसनहस पारिदिएका छन्। उनीहरूका भाषा, धर्म, रीति, मान्यता, परम्पराजस्ता मूल्यहरूले लोपोन्मुख स्थितिको सामना गरिरहनु परेको छ। आज आएर जनजातीय जीवनसित सम्बन्धित मिथक, सौन्दर्यचेत, मूल्य, दर्शन, प्रकृति, साहित्य र संस्कृतिबारे विमर्श अध्ययनको एउटा टड्कारो विषय बनेको देखिन्छ। जनजातिका सांस्कृतिक विम्बहरू समाजका कुन तहसम्म प्रतिध्वनित छन् भन्ने कुरालाई यस प्रपत्रमा अध्ययन गरिएको छ।*

**बीज शब्द** - जनजाति, जनजातीय पारिस्थितिकी, भारतीय नेपाली समाज, समकालीनता, नेपाली कविता।

## १. जनजाति र यसका समाज-सांस्कृतिक अर्थ -

इतिहासविद् डा डी डी कोसंबीले भनेका छन्, ''तटस्थता अनि सूक्ष्मताका साथ भारतवर्षलाई हेर्ने व्यक्तिले दुई किसिमको विशेषता थाहा पाउँदछ, एउटा हो अनेकरूपता अर्को हो एकता। भारतीय समाज विविध वेशभूषा, भाषा, मानिसका शारीरिक रङरूप, रीति-रिवाज, जीवनस्तर, भोजन, जलवायु, भौगोलिक विशेषताहरू अनुरूप भिन्न भिन्नै छन्।''[१] जनजाति भारतीय समाजको एउटा अभिन्न अङ्ग हो। अङ्ग्रेजीमा नेटिभ, एबअरजिन, ट्राइब्स, इन्डिजिनियस, एनिमिस्ट भनिएको छ।[२] हिन्दीमा आदिमवासी, आदिवासी, कबिलावादी तथा जनजातिजस्ता शब्द चलाएको छ।[३] सामान्यतः समाजशास्त्रीय सन्दर्भमा जनजाति उनीहरू हुन् जसका आफ्नै भाषा, भूगोल, भूमि र आदिम संस्कृति छन्, जो विकासका दृष्टिले पछाडिएका



Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

 ISSN: 2278-280X

छन्, जसका निश्चित समुदाय समाजको मूलधारादेखि छुट्टिएका हुन्छन्। उनीहरू जो सुरुदेखि नै कबिला बनाएर बसेका हुन्थे। जसका अवशेष रूप आजपर्यन्त पाइन्छ।[४]

प्रजातीय आधारमा भारतीय कबिलाहरूलाई तीन श्रेणीमा बाँडिएको पाइन्छ -

क) पहिलो श्रेणी मंगोल मूलका नागा, कुकी, गारो, भोटिया, लेप्चा, राई, लिम्बू, मगर आदि पर्छन्।

ख) दोस्रो श्रेणीमा पुरा-आस्ट्रेलीय मूलका मुन्डा, सन्थाल, कोरवा आदि पर्छन्।

ग) तेस्रो श्रेणीमा हिमालयवासी आर्येली-रक्तमिश्रित खस, भील आदि पर्दछन्।[५]

सांस्कृतिक सम्बन्धका रूपमा भारतीय कबिलाहरू अनुकूलक (Adaptive) अनि आत्मासात्कारक (Assimilated) किसिमका देखिन्छ। अनुकूलक सहभोजी, समजीवी अनि पर-संस्कृतिधारक हुन्छ। अरूका संस्कृतिलाई पनि आफ्नो बनाइहाल्ने किसिमका एवम् घुलमिल भइहाल्ने किसिमका हुन्छन्। भारतीय सन्दर्भमा यी कबिलाका जनजातिहरू उन्नत संस्कृति भएका जातिहरूका प्रभावमा आएर आफूलाई घुलमिल गराएर उनीहरू जस्तै भएर बाँच्नेहरू पनि छन्। यसबाहेक आफ्नै सांस्कृतिक परम्परालाई मानेर आफ्नै प्रकारले बाँच्ने जनजातिहरू पनि छन्। भारतीय समाजमा अधिकांश जनजातिहरूका कबिलाहरू वनाञ्चलतिरै बसेका छन्। उनीहरू वन्य प्राकृतिक संसाधनमाथि नै निर्भर रहेका छन्। धेरै जनजातिहरू आज पनि कृषि उत्पादनमा लागेर गाउँ बस्ती बसालेर बस्नेहरू नै छन्।

यस्ता जनजातिहरूका कबिलाहरू ब्रिटिसकालीन औपनिवेशकहरूका शासन व्यवस्थाबाट पनि प्रभावित बनेका थिए। ब्रिटिसकालीन औपनिवेशिक समयदेखि नै जनजातिहरूद्वारा सरकारी नीति नियम र प्रणालीहरूको विरोध गरिएको थियो। कारण ब्रिटिसकालीन समयमा अङ्ग्रेजहरूले जनजातिहरूलाई कबिला भएको भूमिबाट निष्काषण, उच्छेदन गरी त्यो जमिन साहुकार शोषक, जमिनदारहरूलाई दिलाउँथे। तसर्थ आदिम जनजातिका रूपमा सन्थाल विद्रोह सन् १८५५ सालमा भयानक रूपमा भएको इतिहास पाइन्छ।[६] आज पनि भारतीय समाजमा जनजातीय समुदाय सामाजिक उत्पीडन, हक र अधिकारदेखि वञ्चित रहेका तथ्यहरू पनि बग्रेल्तै देखिन्छन्।

## २. भारतीय नेपाली सामाजिक संरचनामा जनजाति

एकाइसौँ शताब्दीमा भूमण्डलीकरण, बजारवाद, औधोगिक पुँजीवादको विस्तारवादी नीतिले जनजातीय मूल्य र मान्यताहरूलाई तहसनहस पारिदिएको छ। उनीहरूका भाषा, धर्म, रीति, मान्यता, परम्पराजस्ता मूल्यहरूले लोपोन्मुख स्थितिको सामना गरिरहनु परेको छ। आज आएर जनजातीय जीवनसित सम्बन्धित मिथक, सौन्दर्यचेत, मूल्य, दर्शन, प्रकृति, साहित्य र संस्कृति विमर्श अध्ययनको एउटा टड्कारो विषय बनेको देखिन्छ। विश्वभै विभिन्न जनजातिहरूका जनजातीय पारिस्थितिकी (Tribal Ecology)बारे अध्ययन भइरहेका छन्।[७] आमाजोनका ज



Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra